**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंका भ्रमणको क्रममा श्रीलंकाका राष्ट्रपति अनुरा दिसानायकेसँग महत्त्वपूर्ण भेटवार्ता गर्नुभयो।

- विश्वविद्यालय अनुदान आयोगले विदेशमा आफ्नो शिक्षा पूरा गरेका र भारतको उच्च शिक्षा प्रणालीमा एकीकृत हुन चाहने विद्यार्थीहरूका लागि एक मानकीकृत समानता ढाँचा स्थापना गर्ने निर्णय गरेको छ।

- भारतको बहुसंख्यक हिंदू समुदायको आराध्य भगवान रामलाई समर्पित रामनवमीको त्यौहारलाई मध्यनजर राख्दै पश्चिम बंगालमा व्यापक सुरक्षा व्यवस्था गरिएको छ।

- पश्चिम बंगाल विधान सभाको स्वास्थ्य एंव परिवार कल्याण मन्त्रालयको स्टाण्डिङ कमिटीका चेयरम्यान निर्मल माझीले आज खरसाङ महकुमा अस्पतालको निरीक्षण गरेका छन्।

- युवाहरुलाई मञ्च प्रदान गर्ने उद्देश्यको साथमा शुरु भएको जीटीए आईडलको अडिशन आज खरसाङ चिमनी देवराली समष्टिमा सम्पन्न भएको छ।

**<u>प्रधानमन्त्री - श्रीलंका</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंका भ्रमणको क्रममा कोलम्बोस्थित राष्ट्रपति सचिवालयमा श्रीलंकाका राष्ट्रपति अनुरा दिसानायकेसँग महत्त्वपूर्ण भेटवार्ता गर्नुभयो। दुई नेताहरूबीचको वार्ता भारत र श्रीलंकाबीचको घनिष्ठ द्विपक्षीय सहयोगलाई अझ बलियो पार्नमा केन्द्रित थियो। दुई नेताहरूले साझा भविष्यको लागि बलियो साझेदारीको संयुक्त दृष्टिकोणप्रति पुन: प्रतिबद्धता जनाए। श्री मोदीलाई श्रीलंकाका राष्ट्रपतिले मित्र विभूषणम प्रदान गर्नुभयो र यो दुई राष्ट्रहरू बीचको मित्रताको प्रतीक भएको बताउनुभयो। दुवै नेताले सम्पुर विद्युत परियोजनाको शिलान्यास समारोहमा अनलाइन भाग लिनु भयो। यो परियोजना एनटीपीसी र सिलोन विद्युत बोर्डले संयुक्त रूपमा सम्पन्न गर्नेछन्। यसको उद्देश्य श्रीलंकाको ऊर्जा सुरक्षा बढाउनु हो। भारतले दम्बुलामा तापक्रम नियन्त्रित कृषि गोदाम स्थापना गर्न मद्दत गर्नेछ। यसबाहेक, भारतले पाँच हजार धार्मिक संस्थाहरूमा सौर्य ऊर्जा प्रणाली जडान गर्न मद्दत गर्नेछ। प्रधानमन्त्रीले विपक्षी नेता सजित प्रेमदासा र तमिल राजनीतिक दलका नेताहरूसँग पनि भेट गर्नुभयो।

**<u>विश्वविद्यालय अनुदान आयोग</u>**

विश्वविद्यालय अनुदान आयोगले ती छात्रहरुका लागि एक मानकीकृत समकक्षता ढांचा स्थापित गर्ने निर्णय लिएको छ , जसले विदेशहरुमा आफ्नो शिक्षा पूरा गरेका छन् अनि भारतको उच्च शिक्षा प्रणाली वा कार्यबलमा समाहित हुन चाहन्छन् । विश्वविद्यालय अनुदान आयोगले आफ्नो अधिसूचनामा भनेको छ कि आयोगले बिद्यालयहरु अनि उच्च शिक्षा संस्थानहरुबाट विदेशी योग्यता चिन्हित गर्नको लागि एक पारदर्शी, प्रौद्योगिकी-प्रेरित तंत्र विकसित गरिएको छ । विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, ममिदाला जगदीश कुमारले भन्नुभयो कि यो पाइला महत्वपूर्ण छ किनभने राष्ट्रीय शिक्षा नीति (NEP) 2020 को उद्देश्य भारतलाई एक वैश्विक अध्ययन गंतव्यमा परिवर्तित गर्नु हो । उहाले अझ भन्नुभयो -यदि भारतीय संस्थान्हारुले अंतरराष्ट्रीय

छात्रहरुलाई आकर्षित गर्नु छ भने भारतले विदेशहरुमा अर्जित डिग्रिहरुको उचित पहिचान सुनिश्चित गर्न पर्नेछ। विश्वविद्यालय अनुदान आयोगका अध्यक्षले भन्नुभयो कि यसले धेरै लामो समयदेखि चल्दै आईरहेको मुद्दालाई सुलझाउदै महत्वपूर्ण सुधारको माध्यमद्वारा भारतको उच्च शिक्षा प्रणालीलाई अधिक समावेशी, प्रतिस्पर्धी अनि भविष्यको लागि तैयार बनाउने दिशामा निर्णायक कदम उठाएको छ।

****** ० ******

**वक्फ बिल**

अल्पसंख्यक कार्य मन्त्रालयले आज वक्फ (संशोधन) विधेयक, २०२५ सँग सम्बन्धित मिथकहरूलाई खारेज गर्दै, वक्फ अधिनियम, 1995 लागू हुनुभन्दा पहिला अधिग्रहण गरिएको र अधिनियम अन्तर्गत वक्फको रूपमा दर्ता गरिएको कुनै पनि सम्पत्ति नहटाइने बताएको छ। मन्त्रालयले एक पल्ट सम्पत्ति वक्फ घोषित भएपछि, त्यो स्थायी रूपमा त्यहाँ रहन्छ। विधेयकले राम्रो व्यवस्थापन तथा पारदर्शिताका लागि नियमहरू मात्र स्पष्ट पार्छ। मन्त्रालयले यो पनि स्पष्ट पारेको छ कि वक्फ बोर्डमा गैर-मुस्लिमहरूलाई समावेश गरिनेछ, तर तिनीहरूले बहुमत बनाउने छैनन्। कुनै पनि व्यक्तिगत जग्गा अधिग्रहण गरिने छैन र यो विधेयक वक्फ घोषित गरिएका सम्पत्तिहरूमा मात्र लागू हुनेछ। स्वेच्छिक र कानुनी रूपमा वक्फको रूपमा समर्पित सम्पत्तिहरू मात्र नयाँ नियमहरू अन्तर्गत पर्छन्। विधेयकले जिल्ला कलेक्टरभन्दा माथीका अधिकारीलाई कुनै पनि सरकारी सम्पत्तिलाई गलत रूपमा वक्फको रूपमा वर्गीकृत गरिएको छ कि छैन भनेर समीक्षा र प्रमाणित गर्ने शक्ति दिन्छ, तर यसले वैध रूपमा घोषित वक्फ सम्पत्तिहरू जफत गर्ने शक्ति दिँदैन।

****** ० ******

**रामनवमी- पश्चिम बंगाल**

भारतको बहुसंख्यक हिंदू समुदायको आराध्य भगवान रामलाई समर्पित रामनवमीको त्यौहार पश्चिम बंगालमा पनि यस पल्ट धूमधामसित मनाईने भएको छ। येद्धपी यस अवधि राजनीतिक अनि साम्प्रदायिक तनावको आशंका बनीरहेको छ। बिगत केही बर्षहरुको अनुभवहरुलाई ध्यानमा राख्दै राज्य सरकार देखि लिएर केंद्रीय एजेंसिहरुले पूर्ण सतर्कता अपनाईरहेको छ। बिशेष गेरर मालदाको मोथाबाड़ी इलाकामा तनावपूर्ण वातावरण छ , जहां गत महिना हिंदू समुदाय माथि अल्पसंख्यकहरुले हमला गरेका थिए अनि पुलिस माथि हिंसा गर्नेहरुलाई संरक्षण दिएको आरोप लगाईएको थियो। बितेको दशकमा बंगालमा रामनवमीको त्यौहार धार्मिक उत्सव सितै राजनीतिक शक्ति प्रदर्शनको माध्यम पनि बन्दै आईरहेको छ।वर्ष 2018 मा रामनवमीको अवधि आसनसोलमा हिंसा भड़किएको थियो। त्यसै बर्ष मुर्शिदाबाद जिल्लाको रेजीनगरमा पनि रामनवमीको जुलूस माथि हमला भएको थियो। त्येस बाहेक हुगली जिल्लाको रिषड़ा, मालदा अनि नदियामा पनि हिंसाको वातावरण उत्पन्न भएको थियो। यस बर्ष विश्व हिंदू परिषदले राज्यभरि दुई हजार भन्दा अधिक रैलिहरु , 200 झांकिहरु अनि पांच हजार भन्दा अधिक स्थान्हारुमा 'श्रीराम महोत्सव' आयोजित गर्ने घोषणा गरेको छ। प्रशासनले रामनवमीलाई शांतिपूर्ण बनाउनको लागि व्यापक सुरक्षा योजना तैयार परेको छ। राज्यको संवेदनशील इलाकाहरुमा सुरक्षा व्यवस्थालाई विशेष रूपले दहिलो बनाईएको छ। राज्य सरकारले 29 वरिष्ठ आईपीएस अधिकारिहरुलाई विभिन्न जिल्लाहरु अनि पुलिस कमिश्नरेट क्षेत्रहरुमा कानून-व्यवस्था बनाई राख्नको लागी तैनात गरेको छ।

****** ० ******

खरसाङ महकुमा अस्पताल

पश्चिम बंगाल विधान सभाको स्वास्थ्य एंव परिवार कल्याण मन्त्रालयको स्टाण्डिङ कमिटीका चेयरम्यान निर्मल माझीले आज खरसाङ महकुमा अस्पतालको निरीक्षण गरेका छन्। उहाले खरसाङ महकुमा अस्पतालको निरीक्षण गर्दै विभिन्न समस्याहरूको जानकारी लिनको साथै विभिन्न समस्याहरु समाधानको लागि पनि वचन दिनुभएको छ। उहाँसित स्वास्थ्य एंव परिवार कल्याण मन्त्रालयको टोली पनि उपस्थित रहेका थिए। उहाको भ्रमणावधि जीटीए का प्रमुख कार्यपाल अनित थापाको प्रतिनिधि एंव खरसाङ महकुमा अस्पतालको रोगी कल्याण समितिका चेयरम्यान दिवस छेत्री, खरसाङ महकुमा अस्पतालका अधीक्षक डा रूमी मण्डल लगायत डाक्टरहरु, नर्सहरु अनि अस्पतालका कर्मचारीहरु उपस्थित रहेका थिए। यसवधि श्री माझीले अस्पातलको भ्रमण गर्दै अधीक्षकको कार्यालयमा बैठक पनि गर्नुभयो। बैठकको अवधि खरसाङ अस्पातालको तर्फबाट विभिन्न समस्याहरु उहाँ समक्ष राखिए पछि ती समस्याहरू सुनेर सामाधानको आश्वासन दिनुभएको छ। उहाले खरसाङ

महकुमा अस्पतालमा चाढै नै डायोलेसिस मशीन जडान गरिने, सीटी स्कान, क्यान्सरको लागि टेलि मेडिशन शुरु गरिने, भेन्टिलेटर बढाउने, खरसाङ महकुमा अस्पतालको नयाँ भवन चाढै निर्माण हुने साथै खरसाङमा रहेको एसबीडे टिभी सेनिटोरियमको जमीनमा मेडिकल कलेज बनाउनको लागि राज्य सरकारले गरेको पहल अनि यसमा जीटीएले पनि प्रस्ताव दिएको जानकारी गराउनुभयो । खरसाङ महकुमा अस्पतालको निरीक्षण भ्रमण पछि पत्रकारहरुलाई सम्बोधन गर्दै स्टाण्डिङ कमिटीको चेयरम्यान निर्मल माझीले विस्तृत जानकारी गराएका छन्। अर्कोतिर खरसाङ महकुमा अस्पतालको अधीक्षक डा रुमी मण्डलले पनि पत्रकारहरुलाई सम्बोधन गर्दै विस्तृत रुपमा जानकारी गराएका छन्।

****** ० ******

## नक्कली आधार कार्ड

नक्कली आधार कार्ड बनाउने गोरखधन्दामा सामेल तृणमूल कंग्रेसका एकजना युवा नेतालाई कोचबिहारको मेखलीगञ्ज थाना पुलिसले पक्राउ गरेको छ। आरोपी तृणमूल युवा संगठनको ब्लक कमिटी सचिव हुन्। सूत्र अनुसार हालैमा पुलिसले हल्दीबाड़ीको नक्कली आधार कार्ड बनाउने गिरोहका सदस्यलाई पक्राउ गरेको थियो। त्यसपछि आरोपी तृणमूल नेतालाई हिज राती पक्राउ गरियो। कथित रूपमा लामो समयसम्म बंगलादेशी नागरिकहरूको आधार कार्ड सहित अन्य भारतीय दस्तावेज बनाउनमा आरोपी तृणमूल नेताको हात रहेको थाहा पाइएको छ। गिरोहमा अन्य कोही सामेल छन् कि छैन पुलिसले यस कुराको पनि जाँच गरिरहेको छ । पुलिस अघिल्लो कारवाहीमा जुटेको छ।

****** ० ******

## जीटीए आईडल

युवाहरुलाई मञ्च प्रदान गर्ने उद्देश्यको साथमा शुरु भएको जीटीए आईडलको अडिशन आज खरसाङ चिमनी देवराली समष्टिमा सम्पन्न भएको छ। जीटीएभरिको विभिन्न समष्टिहरुमा भईरहेको जीटीए आईडलको ४१ औं अडिशन आज २८ नम्बर खरसाङ चिमनी देवराली समष्टिमा सम्पन्न भएको छ। यस अडिशनमा २८ नम्बर समष्टिबाट जम्मा २४ जनाले अडिशन दिएका थिए भने जम्मा पाँचजनालाई लाइभ प्रस्तुतिको लागि चयन गरिएको छ। पाँचजनामा दक्षिणा सिंहए अनेस बसेल सार्कीए अश्विनी प्रधानए अनन्त छेत्री र बेहाल विश्वकर्म चयन भएका छन्। यस अडिशनमा निर्णायकको रुपमा संगीतकारहरु सहदेव चामलिङए राजु सुन्दास र उपेन्द्र प्रधान रहेका थिए भने ११ जना जुरी सदस्यहरु रहेका थिए। कार्यक्रममा प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सूचना अनि सांस्कृतिक विभागको कार्यकारी सभासद अनोश थापा उपस्थित रहेका थिए।

****** ० ******

## जीटीए- शिलान्यास कार्यक्रम

सामसिङ कुमाई ४४ नम्बर समष्टिको भ्रमणमा रहनुभएका जीटीए का मुख्य कार्यपाल अनित थापाले आज जुनियर बेसिक स्कुल खेल मैदानए सामसिङ फारी मन्डल गाउँमा आयोजित शिलान्यास कार्यक्रममा विभिन्न योजनाहरुको विधिवत शिलान्यास गर्नुभयो। यी योजनाहरू गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन अनि पञ्चायत तथा ग्रामिण विकास विभागको कोषबाट पुरा गरिनेछ । कार्यक्रममा क्षेत्रीय सभासद अमर क्षेत्री मो.ओ.डीए रुदेन सादा लेप्चा, विधायक अनि सञ्चविर सुब्बा उपस्थिति रहेका थिए।

****** ० ******

## घूम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशन

घूम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशनको ६ सदस्यीय टोलीले आज घूम रेलवे स्टेशन परिसरमा पत्रकार सम्मेलन गर्दै सुकुना–सालबारी क्षेत्रमा निर्माण गरिने भनिएको गोर्खा च्यारिटेबल हस्पिटलको भविष्यबारे गम्भीर प्रश्न उठाएको छ। संस्थाका अध्यक्ष साङ्गे डुक्पाले पत्रकारहरूलाई सम्बोधन गर्दै पाँच–छ वर्षअघि गोर्खा समुदायका लागि सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा दिने उद्देश्यले अस्पताल निर्माणको अभियान शुरु गरिएको बताएका छन्। सिलगादीको सुकुना र सालबारी बीचको क्षेत्रमा निर्माण हुने भनिएको अस्पतालका लागि व्यापक सहयोग संकलन गरिएको थियो। डुक्पाका अनुसार घूम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशनका सदस्यहरूले स्वयं गाउँ–समाजमा सभा, सेमिनार तथा जनचेतना कार्यक्रमहरू सञ्चालन गर्दै डोनेशन ड्राइभमार्फत आर्थिक सहयोग जुटाएका थिए। तर यति वर्ष बितिसक्दा पनि अस्पताल निर्माण कार्यमा कुनै ठोस प्रगति नहुनु अत्यन्त निराशाजनक रहेको बताउदै उहाले गुनासो पोख्नुभएको छ ।

****** ० ******

**मिरिक- म्याराथन धावक**

मिरिकका म्याराथन धावक प्रशान्त रोपाल अन्तर्राष्ट्रिय म्याराथनमा भाग लिने तयारीमा जुटेका छन्। आफ्नो तयारीको एक भागको रूपमाए उनले आज   मिरिकदेखि सिलिगुडीसम्म ४५ किलोमिटर दौड को शुभारम्भ गरे ।यस अद्भुत दौडमा प्रशान्तलाई सौरैनी रनर्स क्लब र मिरिक रनर्स क्लबका सदस्यहरूले साथ दिए। सिलिगडीबाट प्रशान्तले अन्तर्राष्ट्रिय म्याराथनको लागि प्रस्थान गर्नेछन् । उनको अनौठो प्रशिक्षण विधि र दृढ संकल्पले स्थानीय समुदायको ध्यान र प्रशंसा आकर्षित गरेको छ।

****** ० ******